# 'गैरभन्सार अवरोधले व्यापार प्रभावित'

विराटनगर (कास)- मोरङ व्यापार संघ र साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भारमेन्ट (सावती) का प्रतिनिधिबीच क्षेत्रीय व्यापारका गैरभन्सार अवरोध र नेपालको सरोकार विषयमा मंगलबार छलफल भएको छ । संघका अध्यक्ष अविनाश बोहोराले दक्षिण एसियाली मुलुकहरूमा कारोबार गर्ने आयातकर्ता तथा निर्यातकर्ताहरूले गैरभन्सार अवरोधका कारण व्यापारमा परेको असरबारे बताएका थिए ।

दक्षिण एसियाली मुलुकहरूले व्यापार उदारीकरण कार्यक्रमअन्तर्गत आपसी भन्सारका दरहरू क्रमश: घटाउँदै गए पनि गैरभन्सार अवरोधले यी देशको निर्यात बढ्न नसकेको उनले उल्लेख गरे । नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारी सदस्य महेश जाजुले दक्षिण एसियाली मुलुकमध्ये भारतमा मात्र कारोबार गर्न बाध्य रहेको र अन्य मुलुकहरूमा कारोबार गर्न भन्सार प्रवेश तथा अन्य प्रशासनिक तथा प्रक्रियागत कुराहरूले कठिनाइ भइरहेको भन्दै ध्यानाकर्षण गराएका थिए ।